बैठक संख्या : ७४
मिति :- २०७७/०३/२९ गते (सोमवार)
समय :- विहान : ११ : ०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको वैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण वहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री पुरुषोतम सुवेदी | सदस्य- सचिव |

**निर्णय नं. १ :-** नगरपालिकाको सातौ नगरसभावाट स्वीकृत भएको दरवन्दी भित्र रही चालु आर्थिक वर्ष ०७६।०७७ मा नगरंपालिकाको कार्यालय, अर्न्तगतका वडा कार्यालयहरु, स्वास्थ्य एंव मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई निजहरुको कार्यसम्पादन स्तर र कार्यालयको आवश्यकता समेतको आधारमा कार्यालयवाट मूल्यांकन गरी आर्थिक वर्ष ०७७।०७८ सम्मका लागि निरन्तरता दिने । निरन्तरता दिन उपयुक्त नभएका वा पूर्तिहुन वाकी रहेका पदहरुमा नयाँ पद पूर्ति गर्ने ।

**निर्णय नं. २ :-** नगरपालिकावाट सार्वजनिक खरिद ऐन, नियमको प्रक्रियापुरा गरी चालु आर्थिक वर्षमा सुरक्षित आप्रवासन (Sami) परियोजना संचालक संस्था छनौट एंव परियोजना संचालन सम्बन्धी तयार गरीएको सम्झौता पत्रको समेतका आधारमा कार्य सम्पादनको मूल्याकंन गर्दा उपयुक्त देखिएको हुँदा आगामी आर्थिक वर्ष ०७७।०७८ मा समेत कार्यक्रम संचालन गर्न अनुमति प्रदान गर्ने ।

**निर्णय नं. ३ :-** सिन्धुली जिल्लामा सुरक्षित आवास गृह संचालन गर्दै आईरहेको महिला शशक्तिकरण द्वारा ग्रामिण नेपालको गरिवी निवारण (APEIRON) नामक संस्थाले यस नगरपालिका सँगको समन्वय र सहयोगमा आगामी आर्थिक वर्ष ०७७।०७८ मा पनि उक्त कार्यलाई निरन्तरता दिन अनुमति माग भएको सन्दर्भमा उक्त संस्थालाई कार्यक्रम संचालनका लागि अनुमति दिने र नगरपलिकाको तर्फवाट पनि सहयोग उपलब्ध गराउने ।

**निर्णय नं. ४ :-** वर्तमान सन्दर्भमा कोराना महामारी (covid- 19) का कारण मुलुक लकडाउनमा परी सेवा सुविधा ठप्प भएको र संक्रमण रोकथाम गर्दै सर्वसाधारणको जीवनलाई सहज वनाउन राहत वितरण समेतका कार्य गर्न राष्ट्र सेवक कर्मचारीहरुको तलब वाट समेत रकम कट्टा गरी कोराना नियन्त्रण सँग सम्बन्धति कोष स्थापना गरी उक्त रकम जम्मा गर्न नेपाल सरकारवाट प्राप्त निर्देशन अनुसार नगरपालिकाका अन्य कर्मचारी सरह स्वास्थ्य तर्फका कर्मचारीको पनि निश्चित दिनको तलब कट्टा गरीएकोमा मिति २०७७।०१।०३ को नेपाल सरकारको निर्णय लाई उल्लेख गर्दे उक्त तलब कट्टा नगर्न वा कट्टा भएको तलब फिर्ता हुन स्वास्थ्य तर्फका कर्मचारीहरुवाट अनुरोध प्राप्त भएको हुँदा निजहरुको कट्टा गरीएको तलब प्रकोप व्यवस्थापन कोषवाट फिर्ता गर्ने ।

**निर्णय नं. ५ :-** कमलमाई नगरपालिका वडा नं. ५ स्थित जनज्योति माध्यमिक विद्यालय फोक्टेटार लाई नमुना विद्यालय को भौतिक पूर्वाधार निर्माणको अनुदान स्वरुप विनियोजन भएको रु. एक करोड पचास लाख मध्ये पेश्की स्वरुप पचहत्तर लाख उपलब्ध गराईएकोमा उक्त भौतिक पूर्वाधार निर्माणको काम निरन्तर भईरहेको हुँदा वाकी रु. पचहत्तर लाख रकम समेत विद्यालयको नाममा निकासा दिने र कार्यसम्पादन नभए सम्म उक्त रकम विद्यालयकै खातामा रोक्का राख्ने ।

**निर्णय नं. ६ :-** स्थलगत निरीक्षण क्रममा योजना अनुरुप कार्य सम्पन्न भएको पाईएको हुँदा आसे खोल्सी देखी जरवुट्टा संग्रहालय सम्म जाने वाटो को कार्यालय वाट भएको रकम भुक्तानी को अनुमोदन गर्ने ।

**निर्णय नं. ७ :-** सम्मानित जिल्ला अदालत सिन्धुलीको निषेधाज्ञा आदेशवाट निर्माण रोक्का गरीएको वडा नं १४ स्थित सुनारपानी खानेपानी निर्माण सम्बन्धी योजनाको अदालतवाट निषेधाज्ञा आदेश जारीहुनु भन्दा अगाडी सम्पन्न भएको कामको प्राविधिक मूल्याकंन अनुसारको रु.४,९३,०००।- रकम भुक्तानी उपलब्ध गराउने ।

**निर्णय नं. ८ :-** चालु आर्थिक वर्षमा देहायको शिर्षका रकम अपुग हुन जाने देखिएको हुँदा वचत रहन जाने शिर्षकहरुवाट २५% मा नवढने गरी देहाय अनुसार रकमान्तर गर्ने ।

| वजेट शिर्षक | घटाउने | वजेट शिर्षक | वढाउने |
|---|---|---|---|
| करार सेवा शुल्क । करार ज्यालदारी कर्मचारी | १०५००००. | कार्यालय सामाग्री | ७०००००. |
| जग्गा अभिलेखीकरण कार्यक्रम | ८०००००. | नगरसभा संचालन | ३५००००. |
| ~~नगर प्रोफाईल~~ | ~~३५००००~~. | सवारी साधान मर्मत | ६५००००. |
| नगर सौर्न्दयीकरण कार्यक्रम | २५००००. | फुटकर चालु | ७५०००० |
| स्थानीय भत्ता | ९०००००. | भ्रमण खर्च | ५०००००. |
| पर्यटन वर्ष कार्यक्रम | २५००००. | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | ३०००००. |
| जम्मा | ३२,५०,०००. | जम्मा | ३२,५०,०००. |
| | **पुजिगत कार्यक्रम तर्फ** | | |
| **वजेट शिर्षक** | **घटाउने** | **वजेट शिर्षक** | **वढाउने** |
| ~~नदि नियन्त्रण कार्यक्रम~~ [illegible] | २००००००. | फुटकर पुजिगत कार्यक्रम | ५,०००,०००. |
| विद्युत विस्तार कार्यक्रम | १५०००००. | | |
| सभाहल निर्माण | १५०००००. | | |
| जम्मा | ५,०००,०००. | | ५,०००,०००. |

**निर्णय नं. ९ :-** नेपाल सरकार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय को मिति २०७६।५।०३ च.नं. ८० को पत्र साथ प्राप्त TOR अनुसार नगरपालिकास्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति नगर उप प्रमुखको संयोजक मा दश सदस्य आवश्यकता अनुसार सदस्य आमन्त्रण गर्ने गरी समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :-** कमलामाई नगरपालिका वडा नं. २ स्थित वागसिङटार माछा पोखरी प्रो.सभा माया प्राखिनले व्यवसाय रुपमा संचालन गरेको माछा पोखरीमा फौजी किराको दवाई परी क्षति भएको र नगरपालिकाको कृषि शाखाको अनुगमन समेत भएको हुँदा एक पटकको लागि रु.१,००,०००।- दैवी प्रकोप राहत कोषवाट आर्थिक सहयोग उपलब्ध गराउने ।